गोरखाको पहिलो समाचारमूलक पत्रिका
Daraundi Daily Newspaper
# दरौंदी
(प्रेस काउन्सिल नेपालबाट प्रदेशस्तरको 'क' बर्गमा सूचीकृत गोरखाको एकमात्र पत्रिका। राष्ट्रिय दैनिक
वर्ष २३ अंक २४४ २०७८ बिहिवार जेठ २७ Thursday Jun.10 2021 नेपाल संवत ११४१ पृष्ठ संख्या ४ मूल्य रु.५

Dip Enterprises DIP Royal Dip Auto Care
Aabukhaireni-3 Tanahun
Ph : 065-540576 / 540482
E-mail : dipenterprises@hotmail.com
royaldip1921@gmail.com
We Deals
SERVO

## गोरखाका पाँच पालिकालाई सम्भव नेपालद्वारा ६ वटा एम्बुलेन्स उपहार

दरौंदी समाचारदाता
जेठ २६, गोरखा



गोरखाका चार गाउँपालिका र एक नगरपालिकालाई सम्भव नेपाल नामक सामाजिक संस्थाले छवटा एम्बुलेन्स प्रदान गरेको छ । बुधवार गोरखा नगरपालिका कार्यालयमा आयोजित एक समारोहका बीच नेपाली काङ्ग्रेसका केन्द्रीय सदस्य सुरेन्द्र राज पाण्डे र सम्भव नेपालका संस्थापक अध्यक्ष प्रेम खत्रीले स्थानीय तहका प्रमुखहरुलाई एम्बुलेन्स हस्तान्तरण गरेका हुन् ।

एम्बुलेन्स र स्वास्थ्य सामग्री गरी एक करोड रुपैयाँ बराबरको सहयोग प्रदान गरिएको सम्भव नेपालले जनाएको छ ।

गोरखा नगरपालिकाको लागि दुईवटा, शहीदलखन गाउँपालिका, गण्डकी, भीमसेन थापा र धार्चे गाउँपालिकाको लागि एक/एक वटा एम्बुलेन्स सम्भव नेपालले सहयोग गरेको छ । 'यस्तो महामारीका बेला सम्भव नेपाल र अध्यक्ष प्रेम खत्रीले पुण्यको काम गर्नुभएको छ' पालिका प्रमुखहरुलाई एम्बुलेन्स हस्तान्तरण गर्दै कार्यक्रमका प्रमुख अथिति कांग्रेस केन्द्रिय सदस्य पाण्डेले भने । दुर दराजका जनतालाई सेवा दिन पालिकाहरलाई उपलब्ध गराएको एम्बुलेन्सले महत्वपूर्ण भूमिका निर्वाह गर्ने उनले बताए । 'अहिले पनि दुर्गम गाउँमा एम्बुलेन्स नपाएर समयमै स्वास्थ्य संस्था आउन नपाएका बिरामी हुन सक्छन' उनले भने 'सबैले अब छिटो र सहज उपचार पाउँछन ।' एम्बुलेन्स दुरुपयोग नगर्न र सही सदुपयोगमा ध्यान दिन स्थानीय तहका प्रमुखहरुलाई उनले सुझाव दिए ।

'कोरोना संक्रमणका बेला दुर्गम गाउँका जनताले सहजै उपचार सेवा पाउन् भन्ने उद्देश्यले एम्बुलेन्स सहयोग गरेका हौं, सम्भव नेपालका अध्यक्ष खत्रीले भने । कच्ची सडकमा सहजै आवतजावत गर्न सक्ने, अक्सिजन सिलिण्डर सहितको स्वास्थ्य साममग्री एम्बुलेन्समा रहेको उनले बताए । 'एम्बुलेन्सलाई कोभिडका बिरामी बोक्न मिल्ने, सामान्य उपचार सेवा दिन मिल्ने गरी बनाएका छौं', अध्यक्ष खत्रीले भने, 'यो दुखको बेला गोरखाका कोहीपनि नागरिक उपचार नपाएर मर्न नपरोस् भन्ने उद्देश्यले सहयोग गरेको हुँ ।'

गोरखा नगरपालिकाका नगरप्रमुख राजनराज पन्तले नगरपालिकालाई उपलब्ध भएको एम्बुलेन्सले ६५ वर्ष माथिको जेष्ठ नागरिक, अपाङ्गता भएका र सुत्केरीलाई निशुल्क सेवा दिने बताए । 'संस्था

बाँकी पृष्ठ ३ मा

## स्वास्थ्य सामग्री एकद्वार प्रणालीबाट सहयोग गर्न गोरखा प्रशासनको आग्रह

दरौंदी समाचारदाता
जेठ २६, गोरखा

जिल्ला प्रशासन कार्यालय गोरखाले एकद्वार प्रणालीबाट सहयोग गर्न गोरखाले आग्रह गरेको छ । कोरोना रोकथाम नियन्त्रण र उपचारका लागि विभिन्न व्यक्ति संघ संस्थाले आफूखुसी स्वास्थ्य सामग्री वितरण गरिरहेको सन्दर्भमा प्रमुख जिल्ला अधिकारी शालिग्राम शर्मा पौडेलले दाताहरुलाई एकद्वार प्रणाली अवलम्बन गर्न अनुरोध गरेका हुन् । 'स्थानीय तह वा जिल्ला प्रशासन कार्यालय मार्फत कोरोना रोकथाम र नियन्त्रण, उपचारका सामग्री वितरण गर्नुहुन सबैमा अनुरोध छ' उनले भने 'एकद्वार प्रणाली अपनाउँदा आवश्यकता परेको ठाउँमा सहयोग पुग्ने र उक्त सहयोग लक्षित जनता सम्म पुग्छ ।' स्थानीय तहले स्वास्थ्य शाखा मार्फत आवश्यक परेको वडा, टोल र बस्तीमा स्वास्थ्य सुरक्षाका सामग्री वितरण गर्ने भएकाले दाताले दिएको सामग्रीको सही सदुपयोग हुने प्रजिअ शर्माले बताए । साथै जिल्ला प्रशासनमा हस्तान्तरण गरिएको सामग्री पनि स्वास्थ्य कार्यालय मार्फत आवश्यकताका आधारमा स्थानीय तह मार्फत जनताकहाँ पठाउने उनले बताए ।

## सुत्केरी, जेष्ठ नागरिक र अपाङ्गता भएकालाई निशुल्क एम्बुलेन्स सेवा : मेयर पन्त

दरौंदी समाचारदाता
जेठ २६, गोरखा

गोरखा नगरपालिकाले नगरभित्र सुत्केरी, ६५ वर्ष उमेर माथिका जेष्ठ नागरिक र अपाङ्गता भएकालाई स्वास्थ्य संस्थासम्म जान निशुल्क एम्बुलेन्स व्यवस्था गर्ने भएको छ । बुधवार गोरखा नगरपालिकालाई सम्भव नेपालले दुईवटा एम्बुलेन्स हस्तान्तरण गरेपछि उक्त कार्यक्रममा बोल्दै नगरप्रमुख राजनराज पन्तले भने '६५ वर्ष माथिका जेष्ठ नागरिक, सुत्केरीलाई हामी निशुल्क अस्पताल सम्म आउजाउ गर्न एम्बुलेन्स बाट सेवा दिनेछौं ।' उक्त सेवाका लागि नगर पालिकाको स्वास्थ्य शाखा, वडा कार्यालयमा बिरामीले सम्पर्क गर्नुपर्नेछ । नगरभित्रको स्वास्थ्य संस्था सम्म बिरामीलाई निशुल्क लगिदिने उनले बताए ।





नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग


वरिष्ठ मुटुरोग विशेषज्ञ सेवा तथा
Echocardiography (मुटुको भिडियो एक्स-रे) सेवा
यस गोरखा एपोलो हस्पिटलप्रा. लि., पाटेचौर, गोरखामा वरिष्ठ मुटु रोग विशेषज्ञद्वारा परामर्श एवं मुटुको भिडियो एक्स-रे सेवा उपलब्धहुने भएकोले सम्बन्धित बिरामीहरुले अग्रिम सम्पर्क गर्नुहोला ।
समय : हरेक महिनाको पहिलो शनिबार
सम्पर्क नं : ९८१६६९५९८१, ०६४-४२१२२२
सम्बन्धित बिरामीहरु:
१) मुटुका बिरामीहरु
२) सुन्निने समस्या भएका बिरामीहरु
३) श्वास प्रश्वासको बिरामी
४) छातीदुख्ने बिरामी
५) प्रेसर तथा सुगरका बिरामी
६) मुटुको स्वास्थ्य जांच गर्न इच्छुक बिरामीहरु ।

ॐ शिव शक्ति सम्पर्क : ९८४६१५७८६९, ९८१४१३८६५०
रुविन सुनचाँदी पसल
लोक तान्त्रिकचोक हरमटारी,
गोरखा ।
नोट : कम्प्युटर प्रणालीद्वारा तौल गरिन्छ
आधुनिक डिजाइनका गरगहनाहरु खरिद बिक्री गरिनुका साथै अर्डर बमोजिम तयार गरिन्छ ।

Bajaj Showroom
Suren Heart,
Kunwar Brothers
Mahindra Showroom
Jeep, Tactor, Scorpio
